# डुडुवा गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

वनकट्टी, बाँके
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०७९/०८०
चलानी नं. ६३४

मितिः २०७९/१०/१५

बिषयः- सूचना टाँस सम्बन्धमा।

श्री सबै वडा कार्यालय
डुडुवा गा.पा. बाँके।

उपरोक्त सम्बनधमा यस गाउँपालिकाको आ.ब.२०७९/०८० मा संघिय सरकार/प्रदेश सरकारका सशर्त अनुदानबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको प्रस्तावना आवहन सम्बन्धी सूचना प्रकाशन भएकोले उक्त सूचना पाट्टी टाँस गरी जानकारी पठाईदिनु दिनु हुन अनुरोध छ। आवश्यक सूचना यसै पत्र साथ सलग्न राखि पठाइएको छ।

कृष्ण प्रसाद पौड्याल,
प्रमुख प्रशासकिय अधिकृत

Website:- duduwamun.gov.np
E-mail – krsisakha2076@gmail.com
Contact – 9844822387

"नतिजामुखी प्रशासन : समृद्धि र सुशासन"

CamScanner

# डुडुवा गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

बनकट्टी, बाँके ।

लुम्बिनी प्रदेश नेपाल

**खाद्यन्य बिउ उत्पादन कार्यक्रम प्रस्ताव आह्वानको विस्तृत सुचना**

**प्रथम पटक प्रकाशित मिती २०७९/१०/१५**

यस डुडुवा गाउँपालिका गाउँ कार्यपालिका कार्यालय बनकट्टी बाँकेको आ.ब.२०७९/०८० को **प्रदेश सरकारको सर्शत कार्यक्रम अनुसार खाद्यन्य बिउ उत्पादन कार्यक्रम** तपशिल बमोजिमका कार्यक्रममा सहकार्य गर्न यस गाउँपालिकाका इच्छुक कृषि फार्म/समूह/सहकारी संस्थाका आवेदकहरुका लागी यो सूचना प्रकासित भएको मितिले २५ दिन (२०७९/११/१०) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । थप जानकारीका लागि कृषि शाखामा 9858061800 मा सम्पर्क गर्नु हुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावनाहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै जिल्लामा स्थित कृषि सरोकारवाला निकाय/कार्यालयबाट अनुदान प्राप्त आवेदक्लाई प्राभमिकता दिईने छैन।

| क्रस. | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | आबेदकको किसिम | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १. | खाद्यन्य बिउ उत्पादन कार्यक्रम। | • खाद्यन्य बिउ स्रोत बिउमा उत्पादन अनुदान (धान मूल बिउ र उन्नत बिउ उत्पादन)<br>• उत्पादित बीउको प्रमाणिकरण कार्यमा खर्चमा अनुदान।<br>• बीउ प्याकेजिङ्ग साम्रगीमा अनुदान दिने। | • खाद्यन्य स्रोत बिउ उत्पादन गर्न अनुदान दिने।<br>• खाद्यान्न १५० कठ्ठाको क्षेत्रफल हुनु पर्ने।<br>• सामूहिक बीउ उत्पादन कलष्टरमा हुनुपर्ने।<br>• एकल वा सामुहिक बिउ उत्पादन गर्न सक्ने।<br>• चक्लाबन्दी भएको हुनु पर्ने।<br>• बिउ उत्पादन कार्यमा अनुभव भएको। | कृषि फार्म/ कृषक समूह/ सहकारी संस्था/ | ५० प्रतिशत अनुदान |

**नोट:-खाद्यन्य बीउ उत्पादन कार्यक्रमको लागि गाउँपालिकाले प्रस्तावकलाई बस्तुगत रुपमा अनुदान उपलब्ध गराउने छ।**

**आवेदन पेश गर्ने स्थान:-डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कृषि शाखा बनकट्टी बाँके।**

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन अनुसूचि-३४ बमोजिम।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको- प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाणपत्रको- प्रतिलिपि।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्तावना अनुसूचि-३६ बमोजिम।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि/ जग्गा भाडामा लिईको हकमा १० बर्षको करारनामा सक्कल प्रति।
१०. चालु आ को .व. जग्गाको कर तिरेको रसिदको प्रतिलिपि।

दृष्टव्यः १. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन पेश गर्नुपर्ने।

कृष्ण प्रसाद पौड्याल,
प्रमुख प्रशासकिय अधिक

Website:- duduwamun.gov.np
E-mail – krsisakha2076@gmail.co

CamScanner

# डुडुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनकट्टी, बाँके ।
## लुम्बिनी प्रदेश नेपाल

**साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम प्रस्ताव आह्वानको विस्तृत सुचना**

**प्रथम पटक प्रकाशित मिती २०७९/१०/१५**

यस चालु आ.ब.२०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बार्षिक स्वीकृत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईन्छुक कृषक समूह/सहकारी संस्थाहरुले यो सूचन प्रकाशित मितिले ३० औं दिन (मिति २०७९/१०/१५ देखि २०७९/११/ १५ गते) ) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएक ढाँचा (अनुसूचि-७) अनुसार प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कृषि शाखामा 9858061800 मा सम्पर्क गर्नु हुन अनुरोध छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावनाहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ। साथै जिल्ला मा स्थित कृषि सरोकारवाला निकाय/कार्यालयबाट अनुदान प्राप्त आवेदकल प्राथमिकता दिईने छैन।

| क्रस. | कार्यक्रमको नाम | पकेट माग गर्न सकिने बाली | मापदण्ड | आबेदकको किसिम | अनुदान प्रतिशत |
|---|---|---|---|---|---|
| १. | साना व्यवसायिक कृषि उत्पादन केन्द्र धानबाली (पकेट) विकास कार्यक्रम | धान बाली | • व्यवसायिक रुपमा सम्बन्धित बालीको उत्पादन गर्नु पर्ने।<br>• पकेट धान बालीका लागि २० हेक्टर क्षेत्रफल हुनु पर्ने।<br>• पकेट स्थापनाका लागि चक्लाबन्दी हुनु पर्ने। | कृषि फार्म/ कृषक समूह/ सहकारी संस्था/ | ५० प्रतिशत अनुदान |
| २. | साना व्यवसायिक कृषि उत्पादन केन्द्र तरकारी बाली (पकेट) विकास कार्यक्रम | तरकारी बाली | • व्यवसायिक रुपमा सम्बन्धित बालीको उत्पादन गर्नु पर्ने।<br>• पकेट तरकारी बालीका लागि १० हेक्टर क्षेत्रफल हुनु पर्ने।<br>• पकेट स्थापनाका लागि चक्लाबन्दी हुनु पर्ने। | कृषि फार्म/ कृषक समूह/ सहकारी संस्था | ५० प्रतिशत अनुदान |

**आवेदन पेश गर्ने स्थानः-डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कृषि शाखा बनकट्टी बाँके।**

संलग्न गर्नु पर्ने कागजातहरूः

१. निवेदन अनुसूचि- ६ बमोजिम।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको- प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाणपत्रको- प्रतिलिपि।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्तावना अनुसूचि-७ बमोजिम।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि/ जग्गा भाडामा लिईको हकमा १० बर्षको करारनामा सक्कल प्रति।
१०. चालु आ को .व. जग्गाको कर तिरेको रसिदको प्रतिलिपि।

**दृष्टव्यः - प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन पेश गर्नुपर्ने।**

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकिय अधिकृत

Website:- duduwamun.gov.np
E-mail – krsisakha2076@gmail.com
Contact – 9858061800

"नतिजामुखी प्रशासन : समृद्धि र सुशासन"

CamScanner